# सदस्यता समितिले सिफारिश नगरिएका १८ आवेदक संघ संस्थाको बिस्त्रित विवरण

| क.सं. | निवेदक संघ संस्थाको नाम | प्रदेश र सदस्य संख्या | निवेदक संस्था दर्ता मिति | कैफियत / सिफारिश गर्न नमिल्ने आधार |
|---|---|---|---|---|
| १. | एशोसियसन अफ प्राइभेट हेल्थ इन्स्टिच्यूसन अफ नेपाल सातदोबाटो ललितपुर, | ७ प्रदेश १९६ | २०५५।०५।२१ | बस्तुगत सदस्यता प्राप्त गर्न विधानको **दफा ११ को ११.५** मा 'कुनै एक वर्ग भित्र सीमित रही गठन भएको वस्तुगत संघ वा वस्तुगत महासंघलाई सदस्यता दिएपछि सोही वर्गलाई समेटिएको अर्को वस्तुगत संघ वा महासंघलाई सदस्यता दिइने छैन ' भन्ने व्यवस्था रहेकोमा निवेदक संस्थाबाट महासंघको बस्तुगत सदस्य एशोसियसन अफ प्राइभेट मेडिकल एण्ड डेण्टल कलेज अफ नेपालसंगको वर्गलाई समेटिएको देखिएकाले **महासंघको विधानको दफा ११को ११.५को अधिकार प्रयोग गरि** सिफारिश नगरिएका । |
| २. | नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासंघ, नयाँबानेश्वर काठमाडौं । | ७ प्रदेशमा १०१९ | २०४९।१२।३० | वस्तुगत सदस्यता प्राप्त गर्न विधानको **दफा ११को ११.५** मा 'कुनै एक वर्ग भित्र सीमित रही गठन भएको वस्तुगत संघ वा वस्तुगत महासंघलाई सदस्यता दिएपछि सोही वर्गलाई समेटिएको अर्को वस्तुगत संघ वा महासंघलाई सदस्यता दिइने छैन' भन्ने व्यवस्था रहेकोमा निवेदक संस्थाबाट महासंघको सदस्य ढुवानी व्यवसायी महासंघ र नेपाल पेट्रोलियम डिलर्स एशोसियसनको वर्गलाई समेटिएको देखिएकाले महासंघको विधानको दफा ११को ११.५को अधिकार प्रयोग गरि सिफारिश नगरिएको । |
| ३. | नेपाल यार्सागुम्बा संघ | ६ प्रदेश ७६ | २०७९।०९।२२ | वस्तुगत सदस्यता प्राप्त गर्न विधानको **दफा ११ को ११.२** मा कुनै खास उद्योग, वाणिज्य, सेवा वा व्यवसाय सम्बन्धी स्थापित वस्तुगत संघले सदस्यता प्राप्त गर्न सक्ने, विधानको **दफा ११को ११.३ मा विगत तीन वर्षदेखि** क्रियाशील रहेको हुनु पर्ने व्यवस्था रहेकोछ । दर्ता भएको ३ वर्ष पनि पुरा नभएको, असम्बन्धित (**गोरखनाथ कुचो सप्लायर्स,पशुपतिनाथ कुचो ट्रेडर्स, शुभलक्ष्मी फुडस् प्रडक्टस प्रा.लि. इलाम, जिन्जर एक्सपर्ट प्रा.लि. लगायत**) वर्गका सदस्य रहेको,**साथै २९ वटा** सदस्य नेपाल छुर्पी व्यवसायी संघसंग पनि आबद्ध रहेको ,आवद्ध सदस्यहरुको प्रकृति हेर्दा विशुद्धरुपमा यार्सागुम्बा व्यवसाय कारोवार गर्ने व्यवसायी भन्दा अन्य कारोवार समेत गर्ने एवं अन्य वर्गको व्यवसाय गर्ने व्यवसायीहरु बढी रहेको समेत देखिएकोले **महासंघको विधानको दफा ११को ११.२ र ११.३ को अधिकार प्रयोग** सिफारिश नगरिएको । |
| ४. | एएसी बिक्र उत्पादक संघ | ३ प्रदेशमा ९ | २०७६/०४।२० | वस्तुगत सदस्यता प्राप्त गर्न विधानको **दफा ११को ११.३** मा कानून बमोजिम दर्ता भएका ७५ वटा सदस्य हुन पर्ने र विगत तीन वर्षदेखि क्रियाशील रहेको हुनु पर्ने व्यवस्था रहेको छ । विधानको **दफा ११ को ११.५ मा** "कुनै एक वर्ग भित्र सीमित रही गठन भएको वस्तुगत संघ वा वस्तुगत महासंघलाई सदस्यता दिएपछि सोही वर्गलाई समेटिएको अर्को वस्तुगत संघ वा महासंघलाई सदस्यता दिइने छैन " भन्ने व्यवस्था रहेकोमा निवेदक संस्थाले महासंघको वस्तुगत महासंघ सदस्य रहेको नेपाल इट्टा उद्योग महासंघको वर्गलाई समेटेको एवं **निवेदकले पेश गरेको आबद्ध सदस्यताको सूचीमा जम्मा ९ वटा मात्र सदस्य रहेको देखिएकाले महासंघको विधानको दफा ११को ११.३ र ११.५को अधिकार प्रयोग गरि** सिफारिश नगरिएका । |
| ५. | नेपाल कागज उत्पादक संघ | | मिति २०८१/१/१२ | वस्तुगत सदस्यता प्राप्त गर्न विधानको **दफा ११ को ११.३** मा कानून बमोजिम दर्ता भएका सदस्य हुन पर्ने र विगत तीन वर्षदेखि क्रियाशील रहेको हुनु पर्ने व्यवस्था रहेको एवं विधानको **दफा ११को ११.५** मा "कुनै एक वर्ग भित्र सीमित रही गठन भएको वस्तुगत संघ वा वस्तुगत महासंघलाई सदस्यता दिएपछि सोही वर्गलाई समेटिएको अर्को वस्तुगत संघ वा महासंघलाई सदस्यता दिइने छैन " भन्ने व्यवस्था रहेकोमा **निवेदक संस्था दर्ता भएको ३ वर्ष पनि नपुगेको**, निवेदक संघबाट महासंघको बस्तुगत सदस्य **नेपाल हाते कागज संघ र नेपाल पल्प एण्ड पेपर उत्पादक संघको वर्गलाई समेटिएको समेत देखिएकाले महासंघको विधानको दफा ११को ११.३ र ११.५को अधिकार प्रयोग** गरि सिफारिश नगरिएको । |

| | | | | |
|---|---|---|---|---|
| ६. | उर्जा उत्पादक संगठन नेपाल | ७ प्रदेशमा ९५ | २०७८ ।४।४ | महासंघको वस्तुगत सदस्यता प्राप्त गर्न **दफा ११.५** मा 'कुनै एक वर्ग भित्र सीमित रही गठन भएको वस्तुगत संघ वा वस्तुगत महासंघलाई सदस्यता दिएपछि सोही वर्गलाई समेटिएको अर्को वस्तुगत संघ वा महासंघलाई सदस्यता दिइने छैन ' भन्ने व्यवस्था रहेकोमा सदस्यता खारेजीको लागि पत्र प्राप्त भएको, निवेदक संस्थाबाट महासंघको बस्तुगत सदस्य **नेपाल सौर्य विद्युत उत्पादक संघ र नेपाल विद्युतीय उत्पादक संघको वर्गलाई समेटिएको देखिएकाले महासंघको विधानको दफा ११को ११.५ को अधिकार प्रयोग** गरि सिफारिश नगरिएको । |
| ७. | नेपाल किबी उत्पादक तथा व्यवसायि संघ | २ प्रदेशमा ७९ | २०८०।०४।२५ | नेपाल उद्योग वाणिज्य महासंघ उद्योगी तथा व्यवसायीको हकहित संरक्षणको लागि स्थापित भएको (विधानको प्रस्तावना एवं उद्देश्यमा) ,विधानको **दफा ११ को ११.३** मा कानून बमोजिम दर्ता भएका कम्तीमा **७५ वटा सदस्य हुन पर्ने र विगत तीन वर्षदेखि** क्रियाशील रहेको हुनु पर्ने व्यवस्था रहेकोमा दर्ता भएको **३ वर्ष पनि पुरा नभएको**, असम्बन्धित (प्रसान्त **सुन्तला फर्म,अनिल मौरी पालन फर्म, शाश्वत यौगिक तरकारी फर्म, अलैंची फर्म ,फटवयर ,चिया ) बर्गका फर्म सदस्य रहेको,४६ वटा सदस्य संस्था/ फर्महरु निवेदकहरु मध्येको ओखर उत्पादक संघ तथा व्यवसायी संघको सदस्य रहेको,**संघमा आवद्ध सदस्यहरुको प्रकृति हेर्दा विशुद्धरुपमा किवी व्यवसाय कारोवार गर्ने व्यवसायी भन्दा अन्य कारोवार समेत गर्ने व्यवसायी रहेको देखिएको हुँदा **महासंघको विधानको दफा ११को ११.२ र ११.३ को अधिकार प्रयोग गरि** सिफारिश नगरिएको । |
| ८. | नेपाल बेसार संघ | ५ प्रदेशमा ७६ | २०८१।०५।०५ | नेपाल उद्योग वाणिज्य महासंघ उद्योगी तथा व्यवसायीको हकहित संरक्षणको लागि स्थापित भएको (विधानको प्रस्तावना एवं उद्देश्यमा) ,**विधानको दफा ११को ११.२ मा** कुनै खास उद्योग, वाणिज्य, सेवा वा व्यवसाय सम्बन्धी स्थापित वस्तुगत संघले सदस्यता प्राप्त गर्न सक्ने, **दफा ११.३** मा कानून बमोजिम दर्ता भएका कम्तीमा **७५ वटा सदस्य हुन पर्ने र विगत तीन वर्षदेखि क्रियाशील रहेको हुनु पर्ने** व्यवस्था रहेकोमा दर्ता भएको **३ वर्ष पनि नपुगेको,** संस्थामा बेसार व्यवसायसंग असम्बन्धित **(श्रेष्ठ काष्ठ उद्योग, श्रेष्ठ आधुनिक कृषि फर्म ( तरकारी, फलफूल सुन्तला र कागती खेती गर्ने) बोहोरा कृषि फार्म ( गाई भैंसी पालन, भेडाबाखा पालन, सुँगुर बंगुर पालन आदि),बुद्धबाटिका अचार उद्योग, ओम प्रकाश हर्वल प्रोसोसिङ इण्डस्ट्रीज (जडबुटी प्रशोधन गरी तेल उत्पादन गर्ने ।), लाङघाली एग्रोभेट सेन्टर, बागेश्वरी पेटारे इन्टरप्राइजेज, भयौंली कुण्ड सुगन्धित तेल उद्योग, मियो बायो प्रोडक्टस (सुगन्धित तेल उत्पादन गरी बिर्क्री गर्ने ) बुढाथोकी कृषि औजार पसल, दाहाल बर्दस( पलास्टिकका बस्तुहरुको थोक बिक्रेता**) लगायतका फरक वर्गका फर्महरु सदस्य रहेको, र **२९ वटा सदस्यहरु नेपाल कोदो तथा फापर संघको समेत सदस्य भएको**, संघमा आवद्ध सदस्यहरुको प्रकृति हेर्दा विशुद्धरुपमा बेसार व्यवसाय कारोवार गर्ने व्यवसायी भन्दा अन्य कारोवार समेत गर्ने एवं अन्य वर्गको व्यवसाय गर्ने व्यवसायीहरु बढी रहेको देखिएको हुँदा सिफारिश नगरिएको । |

| | | | | |
|---|---|---|---|---|
| ९. | नेपाल कोदो तथा फापर संघ | ३ प्रदेशमा ८३ सदस्य | २०८१।०४।२७ | नेपाल उद्योग वाणिज्य महासंघ उद्योगी तथा व्यवसायीको हकहित संरक्षणको लागि स्थापित भएको (विधानको प्रस्तावना एवं उद्देश्यमा),विधानको **दफा ११को ११.२** मा कुनै खास उद्योग, वाणिज्य, सेवा वा व्यवसाय सम्बन्धी स्थापित वस्तुगत संघले सदस्यता प्राप्त गर्न सक्ने, **दफा ११को ११.३ मा** कानून बमोजिम दर्ता भएका कम्तीमा **७५ वटा सदस्य हुन पर्ने र विगत तीन वर्षदेखि कियाशील रहेको हुनु पर्ने** व्यवस्था रहेकोमा दर्ता भएको **३ वर्ष पनि नपुगेको**, एवं सदस्यहरु मध्ये ११ वटा भन्दा बढी सदस्यहरु असम्बन्धित (**जस्तो रामेछाप दुग्ध संकलन बिकी तथा चिस्यान केन्द्र, रामेछाप डेरी उद्योग, दहाल एण्ड सन्स ट्रेडर्स (काठका सामान, वेत वासका सामान खरिद बिकी गर्ने),दाहाल ब्रदर्श(पलाष्टिकका वस्तुहरुको थोक बिकी गर्ने), साया फेन्सी, जय मा बाखा फर्म,आर.एस.बी. लोकल कुखुरा फर्म, लक्ष्मी पशुपालन दुध तथा कृषि फर्म ( गाईवस्तु तथा भैंसी ), प्रकृति पशुपंक्षी तथा कृषि फर्म, (पशु पालन, भेडा बाखा पालन), लक्ष्मी बाखा पालन फर्म ,मलबरा बंगुर फर्म,लगायत जस्ता**) फरक वर्गका फर्म रहेको, **२९ वटा सदस्यहरु नेपाल बेसार संघको समेत सदस्य भएको,** संघमा आवद्ध सदस्यहरुको प्रकृति हेर्दा विशुद्धरुपमा कोदो तथा फापर कारोवार गर्ने व्यवसायी भन्दा अन्य कारोवार समेत गर्ने एवं अन्य वर्गको व्यवसाय गर्ने व्यवसायी बढी रहेको समेत देखिएको हुँदा **महासंघको विधानको दफा ११को ११.२ र ११.३ को अधिकार प्रयोग गरि** सिफारिश नगरिएको । |
| १०. | नेपाल छुर्पी व्यवसायी संघ | ५ प्रदेशमा ७८ | २०८१।०१।०४ | वस्तुगत सदस्यता प्राप्त गर्न विधानको **दफा ११को ११.३ मा कानून बमोजिम दर्ता भएका सदस्य हुन पर्ने र विगत तीन वर्षदेखि कियाशील रहेको हुनु पर्ने** व्यवस्था रहेको एवं विधानको **दफा ११ को ११.५** मा "कुनै एक वर्ग भित्र सीमित रही गठन भएको वस्तुगत संघ वा वस्तुगत महासंघलाई सदस्यता दिएपछि सोही वर्गलाई समेटिएको अर्को वस्तुगत संघ वा महासंघलाई सदस्यता दिइने छैन " भन्ने व्यवस्था रहेकोमा दर्ता भएको **३ वर्ष पनि** नपुगेको एवं निवेदक संघबाट महासंघको बस्तुगत सदस्य नेपाल डेरी एशोसिसनको वर्ग वा क्षेत्र समेटिएको साथै **२९ वटा सदस्य नेपाल यार्सागुम्बासंघ संग पनि आबद्ध रहेको,** संघमा आवद्ध सदस्यहरुको प्रकृति हेर्दा विशुद्धरुपमा छुर्पीको कारोवार गर्ने व्यवसायी भन्दा अन्य कारोवारसमेत गर्ने एवं अन्य वर्गको व्यवसाय गर्ने व्यवसायी बढी रहेकोसमेत देखिएकाले **महासंघको विधानको दफा ११को ११.३ र ११.५ को अधिकार प्रयोग गरि सिफारिश नगरिएको ।** |
| ११. | नेपाल ओखर उत्पादक संघ तथा व्यवसायी संघ | २ प्रदेशमा ७७ | मिति २०८१।०४।२१ | नेपाल उद्योग वाणिज्य महासंघ उद्योगी तथा व्यवसायीको हकहित संरक्षणको लागि स्थापित भएको (विधानको प्रस्तावना एवं उद्देश्यमा),**विधानको दफा ११को ११.२** मा कुनै खास उद्योग, वाणिज्य, सेवा वा व्यवसाय सम्बन्धी स्थापित वस्तुगत संघले सदस्यता प्राप्त गर्न सक्ने, **दफा ११.३ मा कानून बमोजिम दर्ता भएका कम्तीमा ७५ वटा सदस्य हुन पर्ने** र **विगत तीन वर्षदेखि कियाशील रहेको हुनु पर्ने** व्यवस्था रहेकोमा दर्ता भएको **३ वर्ष पनि** नपुगेको, सदस्यको सूचीमा **७७ सदस्य** रहेकोमा **सगरमाथा कृषि फर्म दोहोरो उल्लेख भएको, सप्तरङ्गी बहुउद्देश्यी कम्पनी प्रा.लि.तीन पटक दोहोरीएबाट जम्मा ७४ सदस्य रहे**को, ओखर उत्पादक तथा व्यवसायीसंग असम्बन्धित फर्म (**पशुपति गाइपालन तथा किवि फर्म, सूर्यदय फुटवयर, पशुपालन तथा डेरी उद्योग, देवी किवी फर्म, सुनौलौ अलैंची कृषि फर्म, अनिल मौरी पालन फर्म, प्रसाई सुन्तला फर्म)सदस्यको सूचीमा रहेको, ४६ वटा सदस्य संस्था/फर्महरु निवेदकहरु मध्येको नेपाल किवि उत्पादक तथा व्यवसायी संघको सदस्य रहेको,** संघमा आवद्ध सदस्यहरुको प्रकृति हेर्दा विशुद्धरुपमा ओखर व्यवसाय कारोवार गर्ने व्यवसायी भन्दा अन्य कारोवारसमेत गर्ने एवं अन्य वर्गको व्यवसाय गर्ने व्यवसायी बढी रहेको देखिएको हुँदा **महासंघको विधानको दफा ११को ११.२ र ११.३ को अधिकार प्रयोग गरि सिफारिश नगरिएको ।** |

| | | | | |
|---|---|---|---|---|
| १२. | नेपाल राष्ट्रिय पुस्तक बिक्रेता तथा प्रकाशक संघ | २ प्रदेशमा ८५ | मिति २०५५।०१।१५ | विधानको **दफा ११को ११.५ मा** "कुनै एक वर्ग भित्र सीमित रही गठन भएको वस्तुगत संघ वा वस्तुगत महासंघलाई सदस्यता दिएपछि सोही वर्गलाई समेटिएको अर्को वस्तुगत संघ वा महासंघलाई सदस्यता दिइने छैन " भन्ने व्यवस्था रहेकोमा महासंघको वस्तुगत सदस्य संस्था **नेपाल मसलन्द तथा शैक्षिक सामाग्री संघको वर्गलाई निवेदक संस्थाबाट समेटिएको हुँदा महासंघको विधानको दफा ११को ११.५ को अधिकार प्रयोग गरि सिफारिश नगरिएको ।** |
| १३. | नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघ | ५ प्रदेशमा १००६ | २०६३।०७।१० | विधानको **दफा ११को ११.५ मा** "कुनै एक वर्ग भित्र सीमित रही गठन भएको वस्तुगत संघ वा वस्तुगत महासंघलाई सदस्यता दिएपछि सोही वर्गलाई समेटिएको अर्को वस्तुगत संघ वा महासंघलाई सदस्यता दिइने छैन " भन्ने व्यवस्था रहेकोमा महासंघको वस्तुगत सदस्य संस्था **नेपाल मसलन्द तथा शैक्षिक सामाग्री संघको वर्गलाई निवेदक संस्थाबाट समेटिएको हुँदा महासंघको विधानको दफा ११को ११.५ को अधिकार प्रयोग गरि सिफारिश नगरिएको ।** |
| १४. | नेपाल सुन्तला तथा कागती संघ | ५ प्रदेशमा ७९ | मिति २०८१।०६।०९ | नेपाल उद्योग वाणिज्य महासंघ उद्योगी तथा व्यवसायीको हकहित संरक्षणको लागि स्थापित भएको (विधानको प्रस्तावना एवं उद्देश्यमा), विधानको **दफा ११को ११.२** मा कुनै खास उद्योग, वाणिज्य, सेवा वा व्यवसाय सम्बन्धी स्थापित वस्तुगत संघले सदस्यता प्राप्त गर्न सक्ने, दफा **११.३** मा कानून बमोजिम दर्ता भएका सदस्य हुन पर्ने र विगत तीन वर्षदेखि क्रियाशील रहेको हुनु पर्ने व्यवस्था रहेकोमा दर्ता भएको **३ वर्ष पनि नपुगेको, ७९ सदस्य मध्ये ५ जना ( घनश्याम वालिङ राई, खग्रेन्द प्रसाद घिमिरे, सुरेश कुमार चापागाई, श्री निवास केशर बहादुर वानियाँ र प्रकाश जि.सी.)सदस्य व्यक्तिगत पान लिएका व्यक्ति रहेको**, संस्थाले प्रतिनिधित्व गर्ने खास व्यवसायको अतिरिक्त अन्य व्यवसायसंग सम्बन्धित रहेका **होटल,रुद्राक्ष स्टोर, मोहन सुपारी उद्योग, मोती माला भण्डार लगायतका फर्महरुलाई सदस्यको सुचिमा समावेश गरेको**, संघमा आवद्ध सदस्यहरुको प्रकृति हेर्दा विशुद्धरुपमा सुन्तला तथा कागतीको व्यवसाय कारोवार गर्ने व्यवसायी भन्दा अन्य कारोवारसमेत गर्ने एवं अन्य वर्गको व्यवसाय गर्ने व्यवसायी बढी रहेको देखिएको हुँदा **महासंघको विधानको दफा ११ को ११.२ र ११.३ को अधिकार प्रयोग गरि सिफारिश नगरिएको ।** |
| १५. | प्लाष्ट नेपाल फाउण्डेसन | ३ प्रदेशमा ७६ सदस्य | २०७०।०६।१३ | विधानको **दफा ११को ११.५ मा** "कुनै एक वर्ग भित्र सीमित रही गठन भएको वस्तुगत संघ वा वस्तुगत महासंघलाई सदस्यता दिएपछि सोही वर्गलाई समेटिएको अर्को वस्तुगत संघ वा महासंघलाई सदस्यता दिइने छैन " भन्ने व्यवस्था रहेकोमा महासंघको सदस्य संस्था **नेपाल प्लाष्टिक उत्पादक संघको** वर्गलाई निवेदक संस्थाबाट समेटिएको देखिँदा **महासंघको विधानको दफा ११ को ११.५को अधिकार प्रयोग गरि सिफारिश नगरिएको ।** |
| १६. | नेपाल सिङगिङ बाउल संघ | २ प्रदेशमा ८५ सदस्य | २०८०।१२।१४ | वस्तुगत सदस्यता प्राप्त गर्न विधानको **दफा ११को ११.३ मा कानून बमोजिम दर्ता भएका सदस्य हुन पर्ने र विगत तीन वर्षदेखि क्रियाशील रहेको हुनु पर्ने** व्यवस्था रहेको छ। विधानको **दफा ११.५ कुनै एक वर्ग भित्र** सीमित रही गठन भएको वस्तुगत संघ वा वस्तुगत महासंघलाई सदस्यता दिएपछि सोही वर्गलाई समेटिएको अर्को वस्तुगत संघ वा महासंघलाई सदस्यता दिइने छैन भन्ने व्यवस्था रहेकोमा **निवेदक संस्था दर्ता भएको ३ वर्ष पनि पुरा नभएको, निवेदक संस्थामा प्रचलित कानून बमोजिम दर्ता भएको सदस्य नरही प्यान लिएका प्राकृतिक व्यक्तिहरु मात्र सदस्य रहेको** एवं निवेदक संस्थाबाट महासंघको बस्तुगत सदस्य **नेपाल हस्तकला महासंघको वर्गलाई समेटिएको** देखिएकाले **महासंघको विधानको दफा ११ को ११.३ र ११.५ को अधिकार प्रयोग गरि सिफारिश नगरिएको ।** |

| | | | | |
|---|---|---|---|---|
| **१७.** | नेपाल कृषि तथा पशुपंक्षी व्यवसायी संघ | ७ प्रदेशमा १०८ सदस्य | २०८१।०९।२ | नेपाल उद्योग वाणिज्य महासंघ उद्योगी तथा व्यवसायीको हकहित संरक्षणको लागि स्थापित भएको बस्तुगत सदस्यता प्राप्त गर्न **विधानको दफा ११को ११.३ मा कानून बमोजिम दर्ता भएका सदस्य हुन पर्ने र विगत तीन वर्षदेखि कियाशील रहेको हुनु पर्ने** व्यवस्था रहेको **विधानको दफा ११.५ मा** "कुनै एक वर्ग भित्र सीमित रही गठन भएको वस्तुगत संघ वा वस्तुगत महासंघलाई सदस्यता दिएपछि सोही वर्गलाई समेटिएको अर्को वस्तुगत संघ वा महासंघलाई सदस्यता दिइने छैन " भन्ने व्यवस्था रहेको, निवेदक संघबाट महासंघको बस्तुगत सदस्यमा निवेदक संस्था दर्ता भएको **३ वर्ष पनि पुरा नभएको** र **नेपाल कृषि मेशिनरी व्यवसायी संघ** संगको वर्गलाई समेटिएको देखिएको निवेदक संस्थामा प्रचलित कानून बमोजिम दर्ता भएको सदस्य नरही प्राकृतिक व्यक्तिहरु मात्र सदस्य रहेको देखिएकाले **महासंघको विधानको दफा ११को ११.३ र ११.५को अधिकार प्रयोग** गरि सिफारिश नगरिएका । |
| **१८.** | नेपाल वितरक महासंघ | ७ प्रदेशमा ४३ वटा सदस्य भएको | २०६६।०८।२८ | बस्तुगत सदस्यताको सन्दर्भमा विधानको **दफा ११को ११.३** बमोजिम कम्तीमा **७५ वटा शुल्क तिरेका सदस्यको भएको हुनु पर्ने** एवं विधानको **दफा ११.४** मा बस्तुगत महासंघको सदस्यको लागि **१००० सदस्य हुनु पर्ने व्यवस्था रहेको छ** । तर निवेदक संस्थाको सदस्य विवरणबाट **जम्मा ४३ वटा मात्रै सदस्य** रहेको देखिएकाले **महासंघको विधानको दफा ११ को ११.५ र ११.४ को अधिकार** प्रयोग गरि सिफारिश नगरिएको । |